**विधेयकमा संशोधनको सूचना**

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ सँग सम्बन्धित)

श्री सचिव,

प्रतिनिधि सभा, नेपाल

म प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम नियम ११३ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१**

| क्र.स. | विधेयकको | | | | संशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | १ | ३ | | | मूल ऐनको दफा (१)मा उपदफा थप: | "(३) पहिलो संशोधनमार्फत अद्यावधिक गरिएको धितोपत्रको परिभाषाअन्तर्गत थपिएका वित्तीय उपकरणलाई नियमन गर्न आवश्यक क्षमता-प्रमाणित जनशक्तिका लागि विशिष्टीकृत तालिम, "ट्रेडर" को सर्टीफिकेशन र लाइसेन्सिङ्ग, श्रोतको सुनिश्चितता र कार्यान्वयनको योजना यो ऐन लागू भएको १२ महिना भित्र गरिसक्नुपर्ने छ।" | ऐन कार्यान्वयन निकै जटिल भएका कारण यसलाई निश्चित समयसीमा भित्र कार्यान्वयन गर्न आवश्यक संस्थागत अभिवृद्धि गर्न |
| २ | ५ | न | | | मूल ऐनको दफा (५)मा उपदफा थप: | मूल दफाको दफा (५)मा उपदफा थप: "(न) धितोपत्र कारोबारमा स्वार्थ बाझिन सक्ने सबै व्यक्तिहरुको सुची र वर्गीकरण गरी, उनीहरुको गतिविधि नियमन र कारवाही गर्न नियमावली बनाई कार्यान्वयन गर्ने।" | स्वार्थको द्वन्द न्यूनीकरण गर्न |
| ३ | ५ | प | | | मूल ऐनको दफा (५)मा उपदफा थप: | मूल दफाको दफा (५)मा उपदफा थप: "(प) बैङ्क तथा वित्तीय संस्थाहरुलाई अल्पकालीन धितोपत्र "प्रोप्राईटरी ट्रेड" गर्न बन्देज गर्ने" | बचतकर्ताको रकम जोखिममा नपार्न |
| ४ | ७ | ३ | | | मूल ऐनको दफा (७) उपदफा (३) बमोजिम अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नाका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने छ र सो समितिको सिफारिशमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ । | उपदफा (३) बमोजिम अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्नकालागि लोक सेवा आयोगको पूर्व अध्यक्षको संयोजकत्वमा अर्थ मन्त्रालयका सचिव वा सहसचिव र धितोपत्र क्षेत्रसँग सम्बन्धित विशेषज्ञ रहेको एक समिति रहने छ र सो समितिको सिफारिसमा यस दफा बमोजिम अध्यक्षको नियुक्ति हुनेछ। लिखित परिक्षा लोक सेवा आयोगले लिनेछ। | बोर्ड अध्यक्षको छनौटमा राजनीतिक हस्तक्षेप कम गर्न। |
| ५ | ७ | ८ | | | मूल ऐनको दफा (७) म उपदफा (८) थप | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षको पद रिक्त भएमा, उपदफा (७) बमोजिम नेपाल सरकारले निजलाई पदबाट हटाएमा वा निज निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा अर्थ मन्त्रालयका सचिवले बोर्डको अध्यक्षको हैसियतमा काम गर्नेछ। | अध्यक्ष रिक्त हुँदा दैनिक प्रशासनिक एवं अन्य कार्यहरू सुचारू रूपमा अगाडि बढाउन। |
| ६ | ७ | ९ | | | मूल ऐनको दफा (७) मा उपदफा (९) थप | बोर्ड अध्यक्षको कार्यकाल सकिने मितिको एक महिना अगाडि नै अध्यक्षको नियुक्ति प्रकृया सम्पन्न गरीसक्नु पर्नेछ। | अध्यक्षको नियुक्ति समयमा नै हुने सुनिश्चित गर्न। |
| ७ | ३८ | ३ | | | मूल ऐनको दफा (३८) मा उपदफा (३) थप | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पुँजी बजारको विकासकालागि सीमित संख्यामा (बढीमा ३ वटा) विशेष अनुमतिपत्र दिनुपर्ने अवस्था आएमा पारदर्शी प्रतिस्पर्धाका माध्यमबाट तोकिएको योग्यता पुगेका न्युनतम दुईवटा संस्थामध्ये राज्यलाई अधिकतम शुल्क बोलकबोल गर्नेलाई दिनुपर्नेछ। | पारदर्शी प्रक्रिया अपनाई राज्यलाई अधिकतम लाभ दिलाउन। |
| ८ | ४१ | | | | न्यूनतम पूँजी र आर्थिक स्रोतः धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी पाँच करोड रुपैयाँमा नघट्ने गरी समय समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ । | हाल भएको दफा ४१ को सट्टामा यो राखिएको "४१) न्यूनतम पूँजी र आर्थिक स्रोतः<br>(१) धितोपत्र बजार संचालन गर्ने संगठित संस्थाको चुक्ता पूँजी कम्तीमा तीन अर्ब रुपैयाँमा नघट्ने गरी समय-समयमा बोर्डले तोकिदिए बमोजिम हुनुपर्नेछ र सो संस्थाले आफूले संचालन गर्ने बजार व्यवस्थाको निमित्त पर्याप्त आर्थिक स्रोत राखेको हुनु पर्नेछ ।<br>(२) यस ऐन लागू हुँदाको बखत संचालनमा रहेको धितोपत्र बजारले उपदपफा (१) बमोजिमकै न्यूनतम चुक्ता पूँजी दुई बर्षभित्र पुर्याइसक्नु पर्नेछ।" | बढ्दो जोखिमको कारण चुक्ता पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| ९ | ९४ | ग | | | मूल ऐनको दफा ९४ को उपदफा (ग) थप | उपदफा (ग) थप: "(ग) शेयर मार्केटमा बदनियतपूर्ण मिलेमतोमा सर्कुलर ट्रेडिङ, इन्साइडर ट्रेडिङ, कर्नरिङ गरेमा ।" | सर्कुलर ट्रेडिङ सम्बन्धमा ऐनमा नैं स्पष्ट गर्नुपर्ने भएकोले । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | १०३ | ३ | | | उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात तीस दिनभित्र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ । | उपदफा (१) बमोजिम जाँचवुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात सहितको प्रारम्भिक प्रतिवेदन तीस दिनभित्र बोर्ड बैठकमा पेश गर्नु पर्नेछ। अनुसन्धान गर्ने समूहमा नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरोको प्रतिनिधित्व अनिवार्य हुन पर्नेछ। | धितोपत्र सम्बन्धी अनुसन्धान विशिष्टीकृत प्रकृतिको हुने भएकाले धितोपत्र बोर्डले नै अनुसन्धान गर्न |

(१) नाम, थर: डा. स्वर्णिम वाग्ले
सुमना श्रेष्ठ

दस्तखत:

क्र. स.:

मिति: २०८१/५/१४